नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् समन्वय शाखा)

पत्र संख्या : वा.त.वि.स.शा./०८२/०८३
चलानी नं. : ९४

इमेल: cdms.mofaga@gmail.com
सिंहदरबार, काठमाडौं।

विक्रम संवत्: २०८२/०४/२२, बिहीबार
नेपाल संवत्: ११४५ गुँलाथ्व त्रयोदशी

विषयः राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सम्बन्धमा।

श्री महानगरपलिका/उपमहानगरपालिका/नगरपालिका (सबै)।,
श्री गाँउपालिका (सबै)।

श्री वन तथा वातावरण मन्त्रालयको प.सं. ०८२/८३, च.नं. ३२, मिति २०८२/०४/१८ को राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना विषयक पत्रको छाँया प्रति पाना ३ यसैसाथ संलग्न छ। पत्रको व्यहोरा बमोजिम नेपाल सरकारद्वारा प्रकाशित खण्ड ७५) काठमाडौं, साउन १४ गते, २०८२ साल अतिरिक्ताङ्क २१ को नेपाल राजपत्र (भाग २) को केहि नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐनले वन ऐन, २०७६ मा संशोधन गरेकाले वन ऐन, २०७६ दफा ४२ को उपदफा १ (एक) र उपदफा २ (दुई) मा भएको संशोधन बमोजिम वन क्षेत्रको प्रयोग (वन क्षेत्रको जग्गा प्राप्ति) कानून बमोजिम गर्न हुन निर्णयानुसार अनुरोध छ।

२०८२/०४/२२
(मनोज अधिकारी)
शाखा अधिकृत

बोधार्थः
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखा, सं. मा. तथा सा. प्र. मन्त्रालय, (पोर्टल र वेवसाइटमार्फत पत्राचार गरिदिनहुन)।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

पो.ब.नं. : ३९८७
सिंहदरवार, काठमाडौं

मिति : २०८२/४/१८
नेपाल सम्बत ११४५

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- ३२

विषयः राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सम्वन्धमा।

संङ्घीय मामिला तथा सामान्य प्रशासन म...
दर्ता नं.:- २५८
दर्ता मितिः- ४/१९

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय, सिंहदरवार, काठमाण्डौं ।
श्री सहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री संचार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री खानेपानी मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री संकृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं ।
श्री कृषि तथा पशुपंछी विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री रक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।

प्रस्तुत विषयमा नेपाल सरकारद्वारा प्रकाशित खण्ड ७५) काठमाण्डौं, साउन १४ गते, २०८२ साल (अतिरिक्ताङ्क २१ व
नेपाल राजपत्र (भाग २) को केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन बमोजिम वन ऐन, २०७६ को दफा ४२ व
उपदफा १ (एक) मा भएको संशोधन पाना २ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ।
यस सम्बन्धमा वन ऐन, २०७६ को दफा ४२ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम
विवरण उपलव्ध गराई दिनु हुन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०८२/४/
गतेको निर्णयानुसार अनुरोध छ।

खिलानाथ दा
वन अधिकृ

योजना तथा विकास ... समन्वय महाशाखा
दर्ता नं.: ४२
मितिः २०८२/४/१९

क्षेत्रको क्षेत्रफल वा कटान हुने रुखको सङ्ख्या घटेको वा बढेकोमा प्रस्तावकले सोको लिखित जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ।"

(२) दफा १२ को ठाउँ ठाउँमा रहेको "मन्त्रालय" भन्ने शब्दको सट्टा "विभाग" भन्ने शब्द राखिएको छ।

(३) दफा २२ को उपदफा (४) को,-

(क) खण्ड (क) मा रहेका "बीस हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "बिस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेका "पन्ध्र हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ४१ को उपदफा (२) मा रहेका "महानिर्देशकले" भन्ने शब्दको सट्टा "विभागको महानिर्देशकले" भन्ने शब्दहरू राखिएका छन्।

**७०. <u>वन ऐन, २०७६ मा संशोधन</u>** : वन ऐन, २०७६ को,-

(१) दफा ४२ को सट्टा देहायको दफा ४२ राखिएको छः-

"४२. **<u>वनक्षेत्रको प्रयोग</u>** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रिय प्राथमिकता प्राप्त खनिजजन्य उद्योग सञ्चालन गर्न राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोजना वा उद्योग सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले त्यस्तो योजना, आयोजना वा उद्योग सञ्चालन गर्नको लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनका लागि "राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको योजना वा आयोजना सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेश वा स्थानीय तहले कुनै विकास योजना वा आयोजना सञ्चालन गर्दा राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना वा आयोजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा त्यस्तो योजना वा आयोजना सञ्चालन गर्न राष्ट्रिय वनको त्यस्तो भाग प्रयोग गर्न स्वीकृतिको लागि प्रदेश वा स्थानीय तहको प्राथमिकता प्राप्त आयोजना हो भनी प्रदेश मन्त्रिपरिषद्बाट निर्णय गरी नेपाल सरकारसमक्ष अनुरोध गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुरोध भई आएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले यस दफाको अधीनमा रही त्यस्तो योजना वा आयोजना सञ्चालन गर्नका लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।